**मिति २०७८/७/२६ को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. विभिन्न कार्यविधिहरु सम्बन्धमा ।

२. सुरक्षित आवास सम्बन्धमा ।

३. विपद सम्बन्धमा ।

४. निपानेको ढुङ्गा निकासी सम्बन्धमा ।

५. स्वास्थ्य इकाई भवन माग सम्बन्धमा ।

६. वडा विभाजन सम्बन्धमा ।

७. जेसिभि लगायतका मेशिनको दर निर्धारण सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा कार्यालयवाट तयार भई पेश भएका कार्यविधिहरु आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा चालु आ.व.मा खरको छाना विस्थापनको लागि जस्तापाता खरिद प्रदेश सरकार सँगको समपुरक भनि यस नगरपालिकाले रु १ करोड विनियोजन गरेकोमा प्रदेश सरकारबाट समपुरक बजेट प्राप्त नभएको हुँदा नगरपालिकाले उक्त शिर्षकमा राखेको रु १ करोड नगरपालिकाबाट स्वीकृत कार्यविधिका आधारमा खरका छाना विस्थापन गरी सुरक्षित आवास निर्माण गर्ने र संघीय सर्शत वजेटमा ४८७ वटा सुरक्षित आवस निर्माण गर्न भनि रु ९२ लाख वजेट प्राप्त भएकोमा संघीय सुरक्षित आवास कार्यविधि बमोजिम प्रति घर परिवार रु ५० हजार दिने गरी गत आ.व.मा नै सम्झौता भएकाहरुलाई हाल रु २० हजारका दरले दिने र कार्य सम्पन्न पश्चात संघीय सरकारबाट रकम प्राप्त भएपछी बाँकी रकम उपलब्ध गराउने गरी कार्य अगाडी बढाउने साथै २० हजारका दरले रकम उपलब्ध गराउन नपुग भएमा पछी सोधभर्ना हुने गरी नगरपालिकाको श्रोतबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा विपद व्यवस्थापन सन्दर्भमा आगामी बैठकमा छलफल तथा निर्णय गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. २ निपानेमा रिसोर्ट निर्माण गर्न खन्दा निस्केका ढुङ्गाहरु निकासी गरी लैजाने सन्दर्भमा विवाद आई नगरपालिकाबाट सहजिकरण गर्न गठन भएको कार्यदलले पेश गरेको प्रतिवेदन आजको बैठकमा पेश भयो । कार्यदलले पेश गरेको प्रतिवेदन समेतका आधारमा उक्त रिसोर्ट निर्माण गर्ने कार्यको लागि रिसोर्ट सम्म जाने बाटो निर्माण गर्ने क्रमामा निजी जग्गा बाट हाल सम्म निस्कीएको ढुङ्गा नगरपालिकावाट प्राविधिक खटाई नापँजाँच गरी नियमानुसारको रोयल्टी रकम नगरपालिकालाई बुझाई लैजान दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा राज्य पुनःसंरचनाको क्रममा शितगंगा नगरपालिका निर्माण हुँदा साविकका गाविसहरु दुई वा दुई भन्दा वढी वडा हुन जादा यस नगरपालिकाका वडा न. ७ र १४ मा स्वास्थ्य संस्था भई भवन नभएकोले वडा नं. ७ को जलुके र वडा नं. १४ को पावरमा आधारभुत स्वास्थ्य इकाई भवन निर्माणको लागि एक वडा एक आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण कार्यक्रममा समावेश गरी वजेट व्यवस्था हुन संघीय सरकार जनसंख्या तथा स्वास्थ्य मन्त्रालयमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिकाको वडा नं. ९ र १० को केही भू-भागका वासिन्दाहरुले वडावाट प्राप्त गर्ने सेवा लगायतको विषयमा भौगोलिक कठिनाई देखाई वडा विभाजनको लागि निवेदन दिएको सन्दर्भमा साविकको सिद्धारा गाविसवाट नगरपालिका निर्माण गर्दा ३ वटा वडा भएकोमा उक्त वडाहरुको पायक भौगोलिक अवस्था मिल्ने गरी के कसरी गर्दा उपयुक्त हुन्छ सम्बन्धित वडा अध्यक्ष, राजनीतिक दलका प्रतिनिधि, स्थानीय जनता सवैको सहभागितामा छलफल गरी पेश गर्न निम्न बमोजिमको कार्यदल गठन गर्ने र उक्त कार्यदलको प्रतिवेदनका आधारमा प्रकृया अगाडी वढाउने निर्णय गरियो ।

**तपशिल**

संयोजक उप- प्रमुख श्री टिकाराम रेश्मी मगर

सदस्य वडा अध्यक्ष वडा नं. ९ श्री भिम वहादुर के.सी.

सदस्य वडा अध्यक्ष वडा नं. १० श्री हिम्मत पोखरेल

सदस्य वडा अध्यक्ष वडा नं. ११ श्री कोपिलचन्द्र आले

सदस्य सचिव वडा सचिव वडा नं. १० श्री खगिश्वरा काला

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस नगरपालिका भित्र विकास निर्माणको कार्यमा प्रयोग हुने नगरपालिकामा सुचिकृत भएका जेसिवि, एक्साभेटर, ब्रेकर मेशिनहरुको पार्टपूर्जा, इन्धनको मुल्य बढेकोले गत आ.व.को दरमा कार्य गर्न नसकिने भएकोले दर बृद्धि गरी पाउँ भनि निवेदन आएकाले मुल्य बृद्धि समेतलाई विचार गरी यस नगरपालिका भित्र विकास निर्माण लगायतको कार्यमा प्रयोग हुने मेशिनहरुको निम्न अनुसारको दर कायम गर्ने निर्णय गरियो ।

तपशिल

(क) जे.सि.वी. प्रति घण्टा रु २२००।-

(ख) १४० हर्स पावर सम्मको एक्साभेटर प्रति घण्टा रु ४०००।-

(ग) १८० देखि २२० हर्स पावर सम्मको एक्साभेटर प्रति घण्टा रु ४५००।-

(घ) ब्रेकर प्रति घण्टा रु १५००।-

**मिति २०७८/६/२० को नगर कार्यापालिका बैठकका प्रस्तावहरु**

१. योजनाहरुको डिपिआर निर्माण सम्बन्धमा ।

२. वडा पुनः संरचना सम्बन्धमा ।

३. वंगुर श्रोतकेन्द्र सम्बन्धमा ।

४. आगो नियन्त्रणका लागि सामाग्री व्यवस्थापन सम्बन्धमा ।

५. जेष्ठ नागरिक कार्यक्रमको रकम भुक्तानी सम्बन्धमा ।

६. विपद क्षतिपूर्ति सम्बन्धमा ।

७. रकम विनियोजन सम्बन्धमा ।

८. सडक मर्मत सम्बन्धमा ।

९. फो.पु निर्माण सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस नगरपालिका क्षेत्र भित्रका महत्वपूर्ण योजनाहरु निर्माणको लागि डिपिआर गर्नु पर्ने भएकोले चालु आ.व.मा आन्तरिक श्रोत तर्फ विभिन्न कार्यक्रम समपुरक कोषमा रहेको रकमबाट रु ८०००००।- विनियोजन गरी निम्न अनुसारका योजनाहरुको डिपिआर गर्ने निर्णय गरियो ।

**तपशिल**

(क) पतञ्जली क्षेत्रको डिपिआर निर्माण

(ख) शितगंगा नगरपालिका बहुउदेश्यीय हल निर्माण

**निर्णय नं. २**

प्रस्ताव नं. २ को सन्दर्भमा आगामी वैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस नगरपालिका भौगोलिक रुपमा ठूलो हुनुको साथै गरिव विपन्न तथा दलित, जनजातीको बाहुल्यता भएकोले यस नगरपालिकालाई बंगुर पकेट क्षेत्र निर्माण गरी दलित, जनजाती र विपन्न वर्गको उत्थान गर्न बंगुर पकेट क्षेत्र निर्माणको लागि प्रदेश सरकारमा माग गर्ने र सो कार्यको लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकाको अधिकाशं भु-भाग वन जंगल रहेको, जसका कारण आगलागीका घटनाहरु धेरै हुने गरेकोले आगो नियन्त्रणको लागि आवश्यक सामाग्री खरिद गरी उक्त सामाग्रीहरु ठाडामा रहेको नेपाली सेनालाई हस्तान्तरण गर्ने निमार्ण गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा मिति २०७८ असोज १५ गते ठाडामा जेष्ठ नागरिक दिवस मनाउदा जेष्ठ नागरिकहरुको सम्मान तथा खाजा खर्चमा रु ५६२५५।- खर्च भई राष्ट्रिय जेष्ठ नागरिक समाज ठाडा बाट भुक्तानी माग भई आएकोले उक्त खर्च मध्ये रु ५००००।- भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं. ६ माथि छलफल यस नगरपालिकाको निम्न विपद् प्रभावितहरुलाई तपशिल बमोजिमको रकम विपद क्षतिपूर्ति राहत स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

तपशिल

(क) लाल बहादुर थापा शिनपा २ रु २५०००।-

(ख) गणेश पौडेल शिनपा ३ रु २५०००।-

(ग) कमानसिंह दर्लामी शिनपा ३ रु २५०००।-

**निर्णय नं. ७**

प्रस्ताव नं. ७ माथि छलफल गर्दा चालु आ.व.को आन्तरिक श्रोत तर्फ विभिन्न कार्यक्रम समपुरक कोष शिर्षकमा रहेको रकमबाट तपशिल बमोजिमको योजना निर्माण तथा मर्मतको लागि रकम विनियोजन गर्ने निर्णय गरियो ।

(क) पावरा सिचाई कुलो मर्मत रु ५००००।-

(ख) सातमारा अस्थायी प्रहरी चौकी भवन तथा खानेपानी योजना निर्माण रु १५००००।- (ल.इ.का आधारमा सो रकम भन्दा बढी नहुने गरी)

**निर्णय नं. ८**

प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालु आ.व.मा पूर्व बैठकबाट १० लाख भन्दा माथिका योजनाहरु ठेक्का पट्टाको माध्यमबाट कार्यान्वयन गर्ने गरी भएकोमा वडा नं १ को वडा तर्फको कार्यक्रमबाट मुलबाटो लगायतका विभिन्न मो.वा. मर्मत भनि रु १४०००००।- वजेट विनियोजन भएकोमा उक्त कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्ने निणर्य गरियो ।

**निर्णय नं. ९**

प्रस्ताव नं. ९ माथि छलफल यस शितगंगा नगरपालिकाको वडा नं. ७ सितखोलाको दमारवेशी खैरेनी भन्ने स्थानमा सितखोलाको कारण खोला वारीपारीको जनतालाई एक गाउँ देखि अर्को गाउँ जान आउन र विद्यार्थिहरु विद्यालय जान आउन समेत निकै कठिनाई भई रहेकोले उक्त स्थानमा झोलुङ्गे पुल निर्माण गर्नु